**विधेयकमा प्राप्त संशोधन प्रस्तावहरु**

(प्रतिनिधि सभा नियमावली, २०७9 को नियम ११4 सँग सम्बन्धित)

विधेयकको नामः **भ्रष्टाचार निवारण ऐन, 2059 लाई संशोधन गर्न बनेको विधेयक**

प्रस्तुतकर्ताः सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हालः सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’

**संशोधन प्रस्ताव प्रस्तुतकर्ता माननीय सदस्य (दर्ताक्रम अनुसार):**

| द.नं. | माननीय सदस्यको नाम, थर |
|---|---|
| 1. | मा. श्री श्याम कुमार घिमिरे, मा. श्री नागिना यादव, मा. श्री रुपा वि.क. |
| 2. | मा. श्री रघुजी पन्त |
| 3. | मा. श्री मेटमणि चौधरी, मा. श्री भानभक्त जोशी, मा. श्री अम्मर बहादुर थापा, मा. श्री रन्जु कुमारी झा |
| 4. | मा. श्री रोशन कार्की, मा. श्री बिना लामा |
| 5. | मा. श्री अम्मर बहादुर थापा, मा. श्री रामप्रकाश चौधरी |
| 6. | मा. डा. श्री सुनिल कुमार शर्मा |
| 7. | मा. श्री प्रदिप पौडेल |
| 8. | मा. श्री प्रेम सुवाल |
| 9. | मा. श्री ठाकुर प्रसाद गैरे |
| 10. | मा. श्री प्रेम बहादुर महर्जन |
| 11. | मा. श्री संजय कुमार गौतम, मा. श्री राजेन्द्र कुमार के.सी., मा. श्री रामनाथ अधिकारी |
| 12. | मा. श्री माधव सापकोटा |
| 13. | मा. डा. श्री तोसिमा कार्की |
| 14. | मा. श्री सुमना श्रेष्ठ, मा. श्री डोल प्रसाद अर्याल, मा. श्री अशोक चौधरी, मा. श्री शिव नेपाली, मा. श्री हरी ढकाल, मा. श्री अशिम शाह, मा. श्री मनिश झा., मा. श्री लक्ष्मी तिवारी, मा. श्री शिशिर खनाल, मा. श्री सन्तोष परियार, मा. श्री निशा डाँगी, मा. श्री चन्दा कार्की भण्डारी |
| 15. | मा. श्री अर्जुन नरसिंह के.सी. |
| 16. | मा. श्री दुर्गा राई, मा. श्री ज्ञानु बस्नेत सुवेदी |
| 17. | मा. श्री नारायणी शर्मा |
| 18. | मा. श्री सोबिता गौतम |
| 19. | मा. श्री गगनकुमार थापा, मा. श्री बद्रीप्रसाद पाण्डे, मा. श्री जीवन परियार |
| 20. | मा. श्री महेश कुमार बर्तौला |
| 21. | मा. श्री विद्या भट्टराई |

**संशोधनको विवरण:**

| क्र.स. | संशोधन प्रस्तुतकर्ता | विधेयकको दफा | संशोधनको व्यहोरा |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | मा. श्री प्रेम सुवाल | प्रस्तावना | विधेयकको प्रस्तावनामा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>“राज्यको खर्च, अनुदान र ऋणमा सञ्चालन हुने सार्वजनिक संस्थानलाई अनुशासित र पारदर्शी बनाउदै भ्रष्टाचारीहरूलाई हदैसम्मको जेल सजाय र जरिवानासहित सामाजिक वहिष्कार गर्न” |
| 2. | मा. श्री रघुजी पन्त | 1 | विधेयकको दफा 1 को उपदफा (1) मा “2076” भन्ने शब्दको सट्टा “2080” भन्ने शब्द राख्नु पर्ने । |
| 3. | मा. श्री रोशन कार्की, मा. श्री बिना लामा | 1 | विधेयकको दफा 1 मा देहायबमोजिमको उपदफा (3) थप गर्नु पर्नेः<br>“(3) भ्रष्टाचार निवारण हुनको लागि राजनीतिक प्रतिबद्धता र त्यसको कार्यन्वयन हुनुपर्नेछ।” |
| 4. | मा. श्री श्याम कुमार घिमिरे, मा. श्री नागिना यादव, मा. श्री रुपा वि.क. | बुँदा 2 | • विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (8) मा “नेपाल सरकारले देखि पब्लिक लिमिटेड कम्पनी वा” भन्ने सम्मको वाक्यांश हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (घ) को उपखण्ड (12) हटाउनु पर्ने । |
| 5. | मा. श्री रघुजी पन्त | 2 | विधेयकको दफा 2 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (झ) मा “अमूर्त सम्पत्ति” भन्ने शब्दको अर्थ के के हुन खुलाएर उल्लेख गर्नुपर्ने । |
| 6. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 3 मा उल्लेखित माननीय सदस्यहरु | 2 | विधेयकको दफा 2 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ञ) पछि देहायबमोजिमको खण्ड (ट) थप गर्नु पर्नेः<br>“(ट) “ सुराकी वा अनुसन्धान सुत्र” परिभाषित गर्ने।” |
| 7. | मा. श्री अम्मर बहादुर थापा, मा. श्री रामप्रकाश चौधरी | 2 | विधेयकको दफा 2 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ञ) पछि देहायबमोजिमको खण्ड (ट) थप गर्नु पर्नेः<br>“(ट) “ सुराकीका अनुसन्धान सुत्र” परिभाषित गर्ने।” |
| 8. | मा. डा. श्री सुनिल कुमार शर्मा | 2 | • विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (8) हटाउनु पर्ने ।<br>• विधेयकको दफा 2 अन्तर्गत “परिभाषा खण्डमा नीतिगत भ्रष्टाचारसहित भ्रष्टाचारका प्रकारहरु वारे स्पष्ट लेखी थप गर्ने” |
| 9. | मा. श्री प्रेम सुवाल | 2 | • विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को खण्ड (ग) को सट्टा प्रस्तावित खण्ड (ग) मा “सार्वजनिक संस्था” भन्नाले संघ, प्रदेश, स्थानीय तहको स्वामित्व वा अनुमति वा अनुदान वा ऋणमा सञ्चालित संस्थान र कम्पनीलाई जनाउनेछ भन्ने राखि उपखण्ड (१) देखि (७) सम्म हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को खण्ड (घ) को सट्टा प्रस्तावित खण्ड (घ) मा “राष्ट्रसेवक” भन्ने शब्दको सट्टा “सार्वजनिक संस्थामा संलग्न भएका व्यक्ति” भन्ने शब्द राख्नु पर्ने । |
| 10. | मा. श्री प्रेम बहादुर महर्जन | 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (8) को सट्टा देहायबमोजिमको उपखण्ड (8) र सो पछि उपदफा (9) को व्यवस्था गर्नु पर्नेः<br><br>“(8) सम्बन्धित क्षेत्रको नियमन सम्बन्धी प्रचलित कानून बमोजिम कसूर मानिने कार्य बाहेक सम्बन्धित संस्थाको सम्पत्तिको हानि नोक्सानी हुने गरी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ हुने गरी कार्य गरेको हदसम्म प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,” |

| | | | |
|---|---|---|---|
| | | | “(9) नेपाली नागरिकको हितका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट सहयोग प्राप्त गरी सञ्चालन भएका संस्था ” |
| 11. | मा. श्री संजय कुमार गौतम सहित दर्ता नं. 11 मा उल्लेखित माननीय सदस्यहरु | बुँदा 2 | • विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (8) मा “नेपाल सरकारले देखि पब्लिक लिमिटेड कम्पनी वा” भन्ने सम्मको वाक्यांश हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (घ) को उपखण्ड (12) हटाउनु पर्ने । |
| 12. | मा. डा. श्री तोसिमा कार्की | 2 | • विधेयकको दफा २ को उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (२) मा “कम्पनी” भन्ने शब्द पछि “सहकारी संस्था” भन्ने शब्द थप गर्नु पर्ने ।<br>• विधेयकको दफा २ को उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (४) को “जमानत प्राप्त संस्था” भन्ने शब्दहरु पछिको कमा हटाई “वा सरकारी कोषको कुनै पनि रकम प्राप्त वा सरकारी वा सार्वजनिक जग्गाको स्वामित्व वा हकभोग प्राप्त संस्था” भन्ने वाक्यांश थप गर्नु पर्ने ।<br>• विधेयकको दफा २ को उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (घ) को उपखण्ड (९) को सुरुवातमा “दफा २ को उपदफा (१) को खण्ड (ग) वमोजिमका सार्वजनिक संस्थामा कार्यरत वा” भन्ने वाक्यांश थप गर्नु पर्ने । |
| 13. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 2 | • विधेयकको दफा 2 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को सट्टा देहायबमोजिमको खण्ड (ग) को व्यवस्था गर्नु पर्नेः<br>“(ग) “सार्वजनिक संस्था” भन्नाले देहायको संस्था वा निकाय सम्झनु पर्छः-<br>(१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका सरकारी निकाय,<br>(२) प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा स्थापित आयोग, समिति, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद्, विशेष ऐनबाट स्थापित र यस्तै प्रकृतिका अन्य सङ्गठित संस्था,<br>(३) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको संस्था, कम्पनी वा समिति,<br>(४) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहद्वारा सञ्चालित वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक अनुदानप्राप्त विश्वविद्यालय, महाविद्यालय, विद्यालय, अनुसन्धान केन्द्र र यस्तै प्रकृतिका अन्य प्राज्ञिक वा शैक्षिक संस्था,<br>(५) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको ऋण वा अनुदानबाट सञ्चालित वा जमानतप्राप्त संस्था,<br>(६) उपखण्ड (२), (३), (४) वा (५) मा उल्लिखित संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको संस्था,<br>(७) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको अनुमतिले वा सम्झौता अनुसार प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन, उपयोग वा उपभोग गर्न वा विकास निर्माण सम्बन्धी काम गर्न गठित उपभोक्ता समिति वा यस्तै प्रकारका अन्य संस्था, |

| | | | |
|---|---|---|---|
| | | | (८) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको स्तर वा प्रकारका बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी वा नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहको अनुदान प्राप्त गरी राष्ट्रिय वा अन्तराष्ट्रिय संस्थाबाट सन्चालित परियोजनाको हकमा त्यस्तो सूचनामा तोकिएको काम कारबाहीको हदसम्म त्यस्तो संस्था, निकाय वा परियोजना,<br><br>(९) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सार्वजनिक संस्था भनी तोकेको अन्य कुनै संस्था।"<br>• विधेयकको दफा 2 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (घ) मा देहायबमोजिमको उपखण्ड (7) र (8) थप गरी उपखण्डक्रम मिलाउनु पर्नेः<br>"(7) सार्वजनिक संस्थाबाट कर्जा प्रवाह गर्ने प्रयोजनको लागि सम्पत्तिको मूल्याङ्कन गर्ने मूल्याङ्कन्कर्ता",<br>(8) सार्वजनिक संस्थाका कुनै भवन वा पूर्वाधार संरचनाको डिजाइन वा स्पेशिफिकेशन तयार गर्ने व्यक्ति।"<br>• विधेयकको दफा 2 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ञ) पछि देहायबमोजिमको खण्ड (ट) थप गर्नु पर्नेः<br>"(ट) "नीतिगत निर्णय" भन्नाले कुनै पनि राष्ट्रसेवक र सार्वजनिक संस्थाले गर्ने निर्णय सम्झनुपर्छ तर देहायेका निर्णय नीतिगत निर्णय मानिने छैनन् :-<br>(क) प्रचलित कानून बमोजिम हुनेमा बाहेक सर्वसाधारणलाई समान रुपमा लागू नहुने र सार्वजनिक रुपमा घोषणा भएको नीतिको प्रतिकूल हुने गरी कुनै खास व्यक्ति वा निजी संस्थालाई मात्र लाभ हुने गरी गरिएको निर्णय,<br>(ख) सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम हुनेमा बाहेक सार्वजनिक खरिद सम्बन्धमा गरिएको निर्णय,<br>(ग) प्रचलित कानून बमोजिम अन्य निकाय वा अधिकारीले निर्णय गर्नु पर्ने विषयमा अधिकारक्षेत्र नाघी गरिएको निर्णय।" |
| 14. | मा. श्री अर्जुन नरसिंह के.सी. | 2 | विधेयकको दफा २ को उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (7) र खण्ड (घ) को उपखण्ड (10) हटाउनु पर्ने । |
| 15. | मा. श्री नारायणी शर्मा | 2 | विधेयकको दफा २ को उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (2) मा "अन्य कुनै संगठित संस्था" भन्ने शब्दहरु पछि "तथ्याङ्क विश्लेषणको आधारमा जैविक प्रणालीको अध्ययन होओस" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 16. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | 2 | • विधेयकको दफा २ को उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (2) को सट्टा देहायबमोजिमको उपखण्ड (2) को व्यवस्था गर्नु पर्नेः<br>"(2) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको कम्पनी, बैंक, वा प्रचलित कानून बमोजिम नेपाल सरकारद्वारा स्थापित समिति, आयोग, संस्थान, प्राधिकारण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद र यस्तै प्रकृतिका अन्य कुनै संगठित संस्था।"<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (8) हटाउनु पर्ने ।<br><br>• "विधेयकको दफा २ उपदफा (१) अन्तर्गत मूल ऐनको दफा 2 मा संशोधन गर्न प्रस्तावित खण्ड (घ) को उपखण्ड (८) र सोही अनुसार राष्ट्रिय सभा विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा थप भएको विधेयकको दफा २ उपदफा (१) खण्ड |

| | | | |
|---|---|---|---|
| | | | (घ) को उपखण्ड (९) हटाउने" |
| 17. | मा. श्री महेश कुमार बर्तौला | 2 | विधायन समितिको प्रतिवेदनको बुँदा 2 मूल ऐनको दफा 2 को संशोधन गर्न प्रस्तावित खण्ड (ग) को उपखण्ड (8) को सट्टा देहायबमोजिमको उपखण्ड (8) र सो पछि उपदफा (9) को व्यवस्था गर्नु पर्नेः<br><br>"(8) सम्बन्धित क्षेत्रको नियमन सम्बन्धी प्रचलित कानून बमोजिम कसूर मानिने कार्य बाहेक सम्बन्धित संस्थाको सम्पत्तिको हानि नोक्सानी हुने गरी वा आफू वा अरु कसैलाई गैरकानूनी लाभ हुने गरी कार्य गरेको हदसम्म प्रचलित कानून बमोजिम स्थापित बैङ्क, वित्तीय संस्था, सहकारी संस्था, बीमा व्यवसाय गर्ने संस्था, मेडिकल कलेज वा सोसँग सम्बद्ध अस्पताल, महाविद्यालय, कलेज वा सर्वसाधारण नागरिकको शेयर रहेको पब्लिक लिमिटेड कम्पनी,"<br><br>"(9) नेपाली नागरिकको हितका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय संघ, संस्था, निकाय वा व्यक्तिबाट सहयोग प्राप्त गरी सञ्चालन भएका संस्था " |
| 18. | मा. श्री श्याम कुमार घिमिरे, मा. श्री नागिना यादव, मा. श्री रुपा वि.क. | 3 | विधेयकको दफा 3 मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (ज) मा "भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संसोधन गर्न बनेको नेपाल सरकारद्वारा प्रस्तुत विधेयकमा भएको कसुर र सजायमा थप गर्न आवश्यक छैन, किनभने राष्ट्रिय सभाद्वारा संसोधित विधेयकले आवश्यक्ता भन्दा बढी कारवाहिको माग गर्दछ" |
| 19. | मा. श्री रघुजी पन्त | 3 | • विधेयकको दफा 3 अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) मा "रिसवत" भन्ने शब्दको सट्टा "घुस" भन्ने शब्द राख्नु पर्ने ।<br>• विधेयकको दफा 3 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) पछि थप गर्न प्रस्तावित उपदफा (1क) मा "रिसवत" भन्ने शब्दको सट्टा "घुस" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 20. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 3 मा उल्लेखित माननीय सदस्यहरु | 3 | • विधेयकको दफा 3 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) मा "लिन मन्जुर गरेमा" भन्ने शब्दहरु पछि "रिसवत दिएमा वा दिन मञ्जुर गरेमा" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>• विधेयकको दफा 3 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) को खण्ड (च) को सट्टा देहायबमोजिमको खण्ड (च) को व्यवस्था गर्नु पर्ने साथै देहायबमोजिमको खण्ड (छ) थप गर्नु पर्नेः<br>"(च) एक करोडदेखि पाँच करोड सम्म – आठ वर्षदेखि 10 वर्ष सम्म कैद"<br>"(छ) पाँच करोड भन्दा बढी जतिसुकै रकमसम्म – जन्म कैद" |
| 21. | मा. श्री रोशन कार्की, मा. श्री बिना लामा | 3 | विधेयकको दफा 3 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) को खण्ड (च) मा "आठ वर्षदेखि दश वर्षसम्म कैद" भन्ने शब्दहरुको सट्टा "जन्म कैद" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 22. | मा. श्री अम्मर बहादुर थापा, मा. श्री रामप्रकाश चौधरी | 3 | विधेयकको दफा 3 मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) को खण्ड (च) मा "एक करोड भन्दा जतिसुकै रकमसम्म" भन्ने शब्दहरुको सट्टा "एक करोडदेखि पाँच करोडसम्म" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 23. | मा. श्री प्रदिप पौडेल | 3 | • विधेयकको दफा 3 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) को खण्ड (च) मा "एक करोड भन्दा बढी जतिसुकै रकमसम्म" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँ भन्दा बढी दश करोडसम्म" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>• विधेयकको दफा 3 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) मा देहायबमोजिमको खण्ड (छ) थप गर्नु पर्नेः<br>"(छ) दश करोड रुपैयाँ भन्दा बढी– 20 वर्ष सम्म कैद" |
| 24. | मा. श्री ठाकुर प्रसाद गैरे | 3 | • विधेयकको दफा 3 अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) मा "रिसवत" |

| | | | |
|---|---|---|---|
| | | | भन्ने शब्दको सट्टा "घुस" भन्ने शब्द राख्नु पर्ने ।<br>• विधेयकको दफा 3 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) पछि थप गर्न प्रस्तावित उपदफा (1क) मा "रिसवत" भन्ने शब्दको सट्टा "घुस" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 25. | मा. श्री संजय कुमार गौतम सहित दर्ता नं. 11 मा उल्लेखित माननीय सदस्यहरु | 3 | विधेयकको दफा 3 मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा संशोधन गर्न प्रस्तावित उपदफा (1) को खण्ड (ख), (ग), (घ), (ङ), (च) र (ज) मा "भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संसोधन गर्न बनेको नेपाल सरकारद्वारा प्रस्तुत विधेयकमा भएको कसुर र सजायमा थप गर्न आवश्यक छैन, किनभने राष्ट्रिय सभाद्वारा संसोधित विधेयकले आवश्यक्ता भन्दा बढी कारवाहिको माग गर्दछ" |
| 26. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 3 | विधेयकको दफा 3 को उपदफा (1) अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (1) को सट्टा प्रस्तावित उपदफा (1) मा देहायबमोजिम संशोधन गर्नेः<br>(क) उपदफा (1) मा "मन्जुर गरेमा" भन्ने शब्दहरुपछि "कसुरको मात्रा अनुसार" भन्ने शब्दहरु थप गर्नु पर्ने,<br>(ख) खण्ड (घ) मा रहेका "पचास लाख" भन्ने शब्दहरुको सट्टामा "पच्चीस लाख" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>(ग) खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी खण्डक्रम मिलाउनेः<br>"(ङ) पच्चीस लाख रुपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म - चार वर्ष देखि ६ वर्ष सम्म कैद"<br><br>(घ) साविक खण्ड (ङ) खण्डक्रम मिलाउंदा कायम हुने खण्ड (च) मा रहेका "चार बर्षदेखि" भन्ने शब्दहरुको सट्टा "छ बर्षदेखि" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>(ङ) साविक खण्ड (च) खण्डक्रम मिलाउंदा कायम हुने खण्ड (छ) मा रहेका "एक करोड रुपैयाँ भन्दा बढी जतिसुकै रकमसम्म" भन्ने शब्दहरुको सट्टा "एक करोड रुपैयाँ भन्दा दश करोड रुपैयाँसम्म" भन्ने शब्दहरु राखी यस खण्डपछि देहाएको खण्ड (ज) थप्नेः-<br>"(ज) दस करोड रुपैयाँभन्दा बढी जतिसुकै रकमसम्म - दश वर्ष देखि चौध वर्ष सम्म कैद"<br>(२) उपदफा (४) को सट्टा देहायको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) उपदफा (३) मा रहेको "रिसवत दिएमा" भन्ने शब्दहरुको सट्टा "प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रिसवत दिएमा वा दिन प्रस्ताव वा मन्जुर गरेमा" भन्ने शब्दहरु राख्नु पर्ने ।" |
| 27. | मा. श्री अर्जुन नरसिंह के.सी. | 3 | विधेयकको दफा 3 को उपदफा (1) मा देहायबमोजिमको व्यवस्था गर्नुपर्नेः<br>"तजबिजि अधिकार निश्चित सिमामा राख्नु पर्ने" |
| 28. | मा. श्री दुर्गा राई, मा. श्री ज्ञानु बस्नेत सुवेदी | बुँदा 3 | • विधायन समितिको प्रतिवेदनको बुँदा 3 को खण्ड (ख) मा "पचास हजार" भन्ने शब्दहरुको सट्टा "बिगोको दोब्बर" भन्ने शब्दहरु राख्नु पर्ने।<br>• विधानयन समितिको प्रतिवेदनको बँदा 3 को खण्ड (ग) मा थप गर्न प्रस्तावित खण्ड (ङ) मा "चार वर्षदेखि छ वर्षसम्म कैद" भन्ने शब्दहरुको सट्टा "आजिवन कैद" भन्ने शब्दहरु राख्नुपर्ने । |
| 29. | मा. श्री सोबिता गौतम | 3 | मूल ऐनको दफा 3 को उपदफा (1) को खण्ड (झ) को सट्टा देहायबमोजिमको खण्ड (झ) को व्यवस्था गर्नु पर्नेः<br>"(झ) एक करोड रुँपैयाभन्दा बढी बीस करोड रुँपैयासम्म - आठवर्षदेखी दशवर्षसम्म कैद<br>मूल ऐनको दफा 3 को उपदफा (1) को खण्ड (झ) पछि देहायबमोजिमको खण्ड (ञ), (ट) र (ठ) को व्यवस्था गर्नु पर्नेः<br>"(ञ) बीस करोड रुँपैयाभन्दा बढी पचास करोड रुँपैयासम्म – दश वर्षदेखी पन्ध्र वर्षसम्म कैद"<br>"(ट) पचास करोड रुपैयाँ भन्दा बढी एक अर्ब रुपैयाँसम्म – पन्ध्र वर्षदेखि बीस वर्षसम्म कैद"<br>"(ठ) एक अर्ब रुपैयाँभन्दा बढी जतिसुकै भएपनि – बीस वर्षदेखि कसूरदार जीवित रहेसम्म कैद" |
| 30. | मा. श्री महेश कुमार बर्तौला | 3 | विधेयकको दफा 3 को अन्तर्गत मूल ऐनको दफा 3 को उपदफा (3) मा "रिसवत दिएमा" भन्ने शब्दहरुको सट्टा "प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रिसवत दिएमा, दिन मञ्जुर गरेमा वा दिलाउने भनि मञ्जुरी भएमा" भन्ने शब्दहरु राख्नु पर्ने। |

| | | | |
|---|---|---|---|
| | मा. श्री विद्या भट्टराइ | 3 | मूल ऐनको दफा 3 को उपदफा (1) को खण्ड (झ) पछि देहायबमोजिमको खण्ड (ञ) को व्यवस्था गर्नु पर्नेः<br>“(ञ) जरिवाना बिगो पाएका व्यक्तिहरु राज्य र सरकारका कुनैपनि भुमिकामा नरहने गरी दण्डित हुनेछन।” |
| 32. | मा. श्री महेश कुमार बर्तौला | 4 | विधेयकको दफा 4 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 7क. को सट्टा देहायबमोजिमको दफा 7क. को व्यवस्था गर्नु पर्नेः<br>“7क. राजश्व चुवाट गर्न कुनै किसिमबाट प्रभाव पार्ने, गर्न मद्दत गर्ने, दुरुत्साहन गर्ने, वा त्यस्तो कसुर गरी लाभ प्राप्त गर्ने, इन्साइडर ट्रेडिङ्ग मार्फत राजश्व चुवाहन गराउने, बैकिङ्ग सेवामा कार्टेलिङ गराउने र सो मार्फत राजश्व चुहावट गर्ने राष्ट्रसेवक बाहेकको अन्य व्यक्तिलाई मुख्य कसुरदार सरह सोही दफा बमोजिम सजाय हुनेछ ” |
| 33. | मा. श्री प्रेम बहादुर महर्जन | 5 | विधेयकको दफा 5 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 8 को उपदफा (1) को खण्ड (घ) मा थप गर्न प्रस्तावित खण्ड (घ4) मा राष्ट्रिय सभाको प्रतिवेदनको बुँदा 4 बाट संशोधन गरी राखिएको “नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हानि” भन्ने शब्दहरुको सट्टा “सार्वजनिक संस्थालाई हानि” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 34. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 5 | • विधेयकको दफा 5 अन्तर्गत मूल ऐनको दफा 8 को उपदफा (1) मा “देहाएको कुनै काम गरेमा” भन्ने शब्दहरुको पछि “त्यसलाई नीतिगत निर्णय मानिने छैन र” भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>• विधेयकको दफा 5 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 8 को उपदफा (1) को खण्ड (घ) मा थप गर्न प्रस्तावित खण्ड (घ6) मा “कार्य गर्ने गराउने” भन्ने शब्दहरु पछि “र यस्तो कार्यलाई पनि नीतिगत निर्णय मानिने छैन” भने शब्दहरु थप गर्नु पर्ने । |
| 35. | मा. श्री विद्या भट्टराइ | 5 | विधेयकको दफा 5 अन्तर्गत मूल विधेयकको दफा 8 मा “हाल भएको जरिवाना रकम अपर्याप्त छ जरिवाना रकम बढाउने।” |
| 36. | मा. श्री रोशन कार्की, मा. श्री बिना लामा | 6 | विधेयकको दफा 6 अन्तर्गत मूल ऐनको दफा 13 को सट्टा संशोधन गर्न प्रस्तावित दफा 13. को उपदफा (1) मा “एक वर्ष” भन्ने शब्दहरुको सट्टा “दुई वर्ष” भन्ने शब्दहरु तथा “पाँच लाख” भन्ने शब्दहरुको सट्टा “दश लाख” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 37. | मा. श्री विद्या भट्टराइ | 6 | विधेयकको दफा 6 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 13 को उपदफा (1) मा “तीन महिना देखि एक वर्ष सम्म कैद र पाँच लाख रुपैयाँसम्म जरिवाना” भन्ने शब्दहरुको सट्टा “6 महिनादेखि 2 वर्ष सम्म कैद” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 38. | मा. श्री विद्या भट्टराइ | - | मूल ऐनको दफा 14 मा रहेको सजाय र जरिवाना रकमलाई बढाएर “छ महिनादेखि एक वर्ष सम्म कैद र एक लाख सम्म जरिवाना” को व्यवस्था गर्नु पर्ने । |
| 39. | मा. श्री रघुजी पन्त | 7 | विधेयकको दफा 7 अन्तर्गत मूल ऐनको दफा 15 पछि थप गर्न प्रस्तावित दफा 15क. को उपदफा (1) मा “दुरुपयोग” भन्ने शब्दको सट्टा “दुरुपयोग भन्नाले के के कसूर वा गलत काम पर्छन ती उल्लेख गर्ने” |
| 40. | मा. श्री रोशन कार्की, मा. श्री बिना लामा | 7 | विधेयकको दफा 7 मूल ऐनको दफा 15 पछि थप गर्न प्रस्तावित दफा 15क. को उपदफा (1) मा “एक वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुनेछ” भन्ने शब्दहरुको सट्टा “दुईलाख सम्म जरिवाना र 2 वर्ष कैद दुवै सजाय हुनेछ” भन्ने शब्दहरु राख्नु पर्ने । |
| 41. | मा. श्री प्रेम सुवाल | बुँदा 6 | विधायन समितिको प्रतिवेदनको बुँदा 6 विधेयकको दफा 7 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 15क. को उपदफा (2) को खण्ड (घ) मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>“(क), (ख), (ग) र (घ) अनुसार भएको काम तत्काल खारेज हुनेछ” |
| 42. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 7 | विधेयकको दफा 7 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 15क. को उपदफा (1) मा संशोधनः<br>(क) “गर्नु पर्ने कामको दुरुपयोग गरेमा” भन्ने शब्दहरुपछि “कसुरको मात्रा अनुसार” भन्ने शब्दहरु थप गर्नु पर्ने, र सोही उपदफाको “पचासहजार रुपैयाँसम्म” भन्ने शब्दहरुको सट्टा “पाँच लाख रुपैयाँसम्म” भन्ने शब्दहरु राख्ने<br>(ख) उपदफा (2) को खण्ड (क) मा “निर्णय गरेमा” भन्ने शब्दहरु पछि “यस्तो निर्णय नीतिगत पनि मानिने छैन” भन्ने |

| | | | |
|---|---|---|---|
| | | | शब्दहरु थप गर्नु पर्ने ।<br>(ग) उपदफा (2) मा देहायबमोजिमको खण्ड (घ) थप गर्नु पर्नेः<br>"(घ) आफ्नो मातहत रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दबाब दिई वा प्रलोभनमा पारी कुनै काम गराएमा।" |
| 43. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | 7 | विधेयकको दफा 7 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 15क. को उपदफा (2) को खण्ड (ख) को सट्टा देहायबमोजिमको खण्ड (ख) को व्यवस्था गर्नु पर्नेः<br>"(ख) स्पष्ट रुपमा स्वार्थ बाझिने (कन्फ्लिक्ट अफ इन्ट्रेस्ट) का विषयमा कुनै निर्णय गरेमा वा कन्फ्लिट अफ इन्ट्रेष्ट सम्बन्धि प्रचलित नेपाल कानून अनुसार प्रतिकुल हुने गरी कुनै निर्णय गरेमा वा आदेश दिएमा।" |
| 44. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 8 | विधेयकको दफा 8 अन्तर्गत मूल ऐनमा प्रस्तावित दफा 17 मा "जिम्मामा रहेको" भन्ने शब्दहरुको सट्टा "ओहोदाको वा सो सम्बन्धी कर्तव्य पालना गर्दा" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 45. | मा. श्री प्रेम सुवाल | बुँदा 7 | विधायन समितिको प्रतिवेदनको बुँदा 7 विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 17क. को संशोधन गर्न प्रस्तावित उपदफा (1) मा "मनासिव कारण परेको" भन्ने शब्दहरु पछि "माथिल्लो तहको सहमति प्राप्त गरिएको" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 46. | मा. डा. श्री तोसिमा कार्की | 9 | विधेयकको दफा ९ अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा १७(क) को उपदफा (१) मा "सार्वजनिक संस्था" पछि कमा थपि "समुदाय वा व्यक्ति" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 47. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 9 | विधेयकको दफा 9 अन्तर्गत मूल ऐनमा दफा 17 पछि थप गर्न प्रस्तावित दफा 17क. मा संशोधनः<br>(क) उपदफा (१) मा "वा हानी नोक्सानी भएको रकम बराबर जरिवाना वा दुवै सजाय हुन सक्नेछ" भन्ने शब्दहरुको सट्टा "वा हानी नोक्सानीको बिगो खुलेकोमा बिगो बमोजिम र बिगो नखुलेकोमा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ" भन्ने शब्दहरु राख्नु पर्ने ।<br>(ख) उपदफा (२) मा "अधिकारीलाई गराउनु पर्नेछ" भन्ने शब्दहरु पछि "र सोको कारण मानसिब देखिएमा सम्बन्धित राष्ट्रसेवक उपर यस दफा बमोजिम कुनै कारवाही तथा सजाय हुने छैन" भन्ने शब्दहरु थप गर्नु पर्ने ।<br>(ग) उपदफा (३) पछि देहायको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) कुनै राष्ट्रसेवकले उपदफा (१) बमोजिम निर्णय नगरेको कारणले कुनै व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको अवस्थामा प्रचलित कानून बमोजिम कारबाही गर्न वा सो सम्बन्धमा क्षतिपूर्ति माग गर्न यो दफाको व्यवस्थाले कुनै बाधा परेको मानिने छैन।" |
| 48. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | बुँदा 7 | विधायन समितिको प्रतिवेदनको बूँदा नं. ७ मा विधेयकको दफा ९ मा गरिएको संशोधन प्रस्तावमा, संशोधन विधेयकमा प्रस्तावित दफा १७क. को उपदफा (३) पछि विधायन समितिको प्रतिवेदनमा प्रस्ताव गरिएको उपदफा (४) को सट्टा देहायको उपदफा (४) को व्यवस्था गर्नु पर्नेः<br>"(४) कुनै राष्ट्रसेवकले उपदफा (१) वदनियतपूर्वक निर्णय नगरेको कारणले कुनै व्यक्तिलाई हानि नोक्सानी पुग्न गएको अवस्थामा प्रचलित कानून बमोजिम कारबाही गर्न वा सो सम्बन्धमा क्षतिपूर्ति माग गर्न यो दफाको व्यवस्थाले कुनै बाधा परेको मानिने छैन ।" |
| 49. | मा. श्री रोशन कार्की, मा. श्री बिना लामा | 10 | विधेयकको दफा 10 मा "एक वर्ष देखि तीन वर्ष सम्म" भन्ने शब्दहरुको सट्टा "तीन वर्ष" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 50. | मा. श्री प्रदिप पौडेल | 10 | विधेयकको दफा 10 मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 20 को उपदफा (2) लाई कायमै राख्नु पर्ने । |
| 51. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 11 | विधेयकको दफा 11 अन्तर्गत मूल ऐनमा दफा 23 पछि थप गर्न प्रस्तावित दफा 23क. को उपदफा (1) मा देहायबमोजिमको खण्ड (क) थप गरी खण्डक्रम मिलाउनु पर्नेः |

| | | | |
|---|---|---|---|
| | | | "(क) संस्थाको इजाजतपत्र खारेज गर्ने वा त्यस्तो संस्था विघटन गर्ने," |
| 52. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | - | • मूल ऐनको दफा २८ उपदफा (१) खण्ड(ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्ने:- "तर त्यस्तो तारिखमा छाड्न वा धरौटी वा जमानत नदिएमा थुनामा राख्नका लागि अदालतबाट आवश्यक आदेश हुनु पर्नेछ"।<br>• मूल ऐनको दफा २८ उपदफा (२) खण्ड(ग) मा देहायको प्रतिवन्धात्मक वाक्यांश थप गर्ने:- "तर त्यस्तो थुनामा राख्नका लागि अदालतबाट आवश्यक आदेश हुनु पर्नेछ"। |
| 53. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | - | मूल ऐनको दफा ३० उपदफा (३) को सट्टा देहाय प्रतिवन्धात्मक वाक्यांश थप गर्ने:- "तर त्यस्तो थुनामा राख्नका लागि अदालतबाट आवश्यक आदेश हुनु पर्नेछ"। |
| 54. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | - | मूल ऐनको दफा ३१ उपदफा (४) को सट्टा देहाय प्रतिवन्धात्मक वाक्यांश थप गर्ने:- "तर त्यस्तो थुनामा राख्नका लागि अदालतबाट आवश्यक आदेश हुनु पर्नेछ"। |
| 55. | मा. श्री रघुजी पन्त | 14 | विधेयकको दफा 14 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 33 मा देहायबमोजिमको उपदफा (4) को व्यवस्था गर्नु पर्नेः<br>"(4) यस्तो मुद्दा बढीमा दुई वर्ष भित्र टुङ्ग्याइनु पर्छ।" |
| 56. | मा. श्री सोबिता गौतम | - | मूल ऐनको दफा 36 पछि देहायबमोजिमको दफा 36क. को व्यवस्था गर्नु पर्नेः<br><br>"36क. <u>मुद्दाको पुर्पक्ष सम्बन्धी विशेष व्यवस्था</u> (1) दफा ३६ तथा दफा ३७(३) बमोजिम मुद्दा हेर्ने अधिकारी वा अदालत समक्ष दर्ता भएको मुद्दामा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम कसूर हुने मुद्दामा कारबाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ।<br><br>(2) माथि उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि अधिकतम तिन वर्षभन्दा कम कसुरको मागदाबी रहेको मुद्दाहरुमा अदालतले धरौट वा जमानत माग गरी प्रतिवादीलाई तारेखमा छाड्न सक्नेछ।" |
| 57. | मा. श्री सोबिता गौतम | - | मूल ऐनको दफा 37 को उपदफा (2) पछि देहायबमोजिमको उपदफा (3) को व्यवस्था गर्नु पर्नेः<br>"(3) उपदफा (१) को अतिरिक्त यस दफा बमोजिम राष्ट्रिय सतर्कता केन्द्रले प्रचलित कानुनमा जुनसुकै कुरा लेखेको भएतापनि अनुचित कार्यको प्रभावकारी रुपमा नियन्त्रण तथा अनुचित कार्यको रोकथामको निम्ति जनचेतनाको अभिवृद्दिका गर्नुका साथै अनुचित कार्यको सम्बन्धमा कुनै राष्ट्रसेवक कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर गर्न सक्नेछ।" |
| 58. | मा. डा. श्री सुनिल कुमार शर्मा | 15 | विधेयकको दफा 15 अन्तर्गत देहायको व्यवस्था गर्नु पर्नेः<br>"राष्ट्रिय सतर्कता केन्द्रको कामलाई सशक्त र प्रभावकारी बनाउन आवश्यक व्यवस्थाहरु राख्ने" |
| 59. | मा. श्री प्रेम सुवाल | बुँदा 10 | विधायन समितिको प्रतिवेदनको बुँदा 10 विधेयकको दफा 15 अन्तर्गत मूल ऐनमा प्रस्तावित दफा 38 को उपदफा (1) मा देहायबमोजिमको खण्ड (क) देखि (च) को व्यवस्था गरी खण्डक्रम मिलाउनु पर्नेः<br>"(क) नेपालीको सम्पत्तिको सीमा निर्धारण गर्ने ।<br>(ख) विदेशमा सम्पत्ति राख्न नदिने ।<br>(ग) केन्द्रको अलग कर्मचारी संयन्त्र व्यवस्था गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | (घ) प्रत्येक महिनामा ७७ जिल्लामा भ्रष्टाचारविरोधी सभा, वैठक, अन्तरकृया गर्ने ।<br>(ङ) २०२१ सालको नापी नक्सामा सार्वजनिक र सरकारी जनिएको भवन, जग्गा, नदी किनार, पोखरी, पर्ती व्यक्तिको नाममा दर्ता गरिएको खारेज गर्ने ।<br>(च) भ्रष्टाचारीलाई सार्वजनिक वहिष्कारको कार्यक्रम गर्ने।" |
| 60. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 15 | विधेयकको दफा 15 को सट्टा देहायबमोजिमको दफा 15 को व्यवस्था गर्नु पर्नेः<br>"15. मूल ऐनको दफा ३८को सट्टा प्रस्तावित दफा ३८ राखिएको छः<br>"३८ राष्ट्रिय सतर्कता केन्द्रको काम कर्तव्य र अधिकारः (१) दफा ३७ को उपदफा (१) बमोजिम स्थापित राष्ट्रिय सतर्कता केन्द्रको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–<br><br>(क) सार्वजनिक संस्थाबाट सम्पादन हुनु पर्ने कार्यहरू नियमित रूपमा भए नभएको विषयमा सूचना सङ्कलन गर्ने,<br>(ख) सार्वजनिक संस्थाबाट नियमित रूपमा हुनु पर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्ने,<br>(ग) सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानुनबमोजिम दिइएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,<br>(घ) भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने,<br>(ङ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनु पर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नु पर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,<br>(च) नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने,<br>(छ) भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकता अनुसार सम्बन्धित निकायलाई कुनै सुझाव वा निर्देशन दिने,<br>(ज) भ्रष्टाचार सम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचार सम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराई राख्ने,<br>(झ) भ्रष्टाचार सम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,<br>(ञ) भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने वा गराउने,<br>(ट) सार्वजनिक संस्थामा भ्रष्टाचार सम्बन्धी कसूर भएको सूचना वा उजुरी प्राप्त गरेमा प्रारम्भिक अनुसन्धान गर्ने र त्यस्तो अनुसन्धानबाट भ्रष्ट्राचारको विगो रू १० लाख भन्दा कम देखिन आएमा र सम्बन्धित अधिकारी शाखा अधिकृत वा सो स्तर सरहको वा तल्लो दर्जाको राष्ट्रसेवक भएमा सम्बन्धित अधिकारीलाई कानुन बमोजिम कारबाही चलाउने र त्यस्तो प्रारम्भिक अनुसन्धानबाट भ्रष्टाचारको विगो रू १० लाख भन्दा बढी देखिन आएमा वा शाखा अधिकृतको स्तरभन्दा माथिल्लो दर्जाको राष्ट्रसेवकलाई कानुन बमोजिम कारबाही चलाउन अख्तियार दूरुपयोग अनुसन्धान आयोगलाई लेखि पठाउनु पर्ने,<br>(ठ) नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने ।<br>(२) उपदफा (१)को खण्ड (क) बमोजिम सूचना सङ्कलन गर्ने प्रयोजनको लागि राष्ट्रिय सतर्कता केन्द्रले सम्बन्धित निकायबाट आवश्यक विवरण वा कागजात माग गर्न सक्नेछ।<br>(३) उपदफा (१) को खण्ड (छ) बमोजिम दिएको निर्देशन वा सुझाव बमोजिम नगर्ने वा उपदफा (२) बमोजिमको विवरण वा कागजात पेश नगर्ने सार्वजनिक संस्थाको सम्बन्धित अधिकारीलाई कानून बमोजिम कारबाही गर्न राष्ट्रिय सतर्कता केन्द्रले अख्तियार अनुसन्धान आयोगलाई लेखी पठाउन सक्नेछ।<br>(४) उपदफा (३) बमोजिम लेखी आएमा अदुअ आ को सम्बन्धित अख्तियारवालाले त्यस्तो अधिकारीलाई आवश्यक कारबाही गरी राष्ट्रिय सतर्कता केन्द्रलाई सोको जानकारी गराउनु पर्नेछ।" |
| 61. | मा. श्री सोबिता गौतम | - | मूल ऐनको दफा 38 को उपदफा (1) को खण्ड (ट) पछि देहायबमोजिमको खण्ड (ठ) र (ड) को व्यवस्था गर्नु पर्नेः<br>"(ठ) अनुचित कार्य सम्बन्धी कसुरको अनुचित कार्यको प्रभावकारी रुपमा नियन्त्रण तथा अनुचित कार्यको रोकथामको निम्ति |

| | | | |
|---|---|---|---|
| | | | जनचेतनाको अभिवृद्धिका कार्यक्रम सञ्चालन"<br>"(ड) अनुचित कार्य सम्बन्धी कसुरको अनुसन्धान तथा अभियोज" |
| 62. | मा. श्री सोबिता गौतम | - | मूल ऐनको दफा 38 पछि देहायबमोजिमको दफा 38क. को व्यवस्था गर्नु पर्नेः<br>"38क. अनुसन्धान तथा अभियोजन (1) दफा ३७ र दफा ३८ बमोजिमको अनुचित कार्यको अनुसन्धान र अभियोजनको निम्ति अनुसन्धान अधिकारीले यसै ऐनको परिच्छेद -३ बमोजिमको आवश्यक अधिकार प्रयोग गर्न सक्नेछ।<br>(2) अनुचित कार्यको सम्बन्धमा अनुसन्धान तथा अभियोजनको निम्ति आवश्यक पर्ने कर्मचारीहरुको नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।" |
| 63. | मा. श्री विद्या भट्टराइ | - | मूल ऐनको दफा 43 मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"यो सूचनालाई Digital माध्यमबाट सार्वजनिक समेत गर्नुपर्ने । |
| 64. | मा. श्री रघुजी पन्त | 16 | विधेयकको दफा 16 मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को उपदफा (2) मा "पाँच वर्षभित्र" भन्ने शब्दहरु हटाउनु पर्ने । |
| 65. | मा. श्री मेटमणि चौधरी सहित दर्ता नं. 3 मा उल्लेखित माननीय सदस्यहरु | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को उपदफा (2) मा "अवकाश भएको" भन्ने शब्दहरु पछि "भ्रष्टाचार गरेको थाहा पाएको" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 66. | मा. श्री अम्मर बहादुर थापा, मा. श्री रामप्रकाश चौधरी | 16 | विधेयकको दफा 16 मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को उपदफा (2) मा "अवकाश भएको" भन्ने शब्दहरु पछि "भ्रष्टाचार गरेको थाहा पाएको" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 67. | मा. डा. श्री सुनिल कुमार शर्मा | बुँदा 11 | • विधायन समितिको प्रतिवेदनको बुँदा 11 विधेयकको दफा 16 अन्तर्गत मूल ऐनको दफा 45 को सट्टा प्रस्तावित दफा 45 को उपदफा (1) मा "थाहा पाएको मितिले" भन्ने शब्दहरु हटाउनु पर्ने ।<br>• विधायन समितिको प्रतिवेदनको बुँदा 11 विधेयकको दफा 16 अन्तर्गत मूल ऐनको दफा 45 को सट्टा प्रस्तावित दफा 45 को उपदफा (2) मा "अवकाश पाएको मितिले देखि थाह भएको मितिले" सम्मका शब्दहरु हटाउनु पर्ने । |
| 68. | मा. श्री प्रेम सुवाल | बुँदा 11 | विधायन समितिको प्रतिवेदनको बुँदा 11 विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को उपदफा (1) र (2) मा रहेको "पाँच वर्ष" भन्ने शब्दहरुको सट्टा "जुनसुकै समयमा" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 69. | मा. श्री ठाकुर प्रसाद गैरे | 16 | विधेयकको दफा 16 मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को उपदफा (2) मा "पाँच वर्षभित्र" भन्ने अवधी हटाउनु पर्ने । |
| 70. | मा. डा. श्री तोसिमा कार्की | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45 को उपदफा (1), (2) र (3) खारेज गर्नु पर्ने । |
| 71. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को सट्टा देहायबमोजिमको दफा 45. को व्यवस्था गर्नु पर्नेः<br>"45. मुद्दा चलाउने अवधिः भ्रष्टाचारजन्य कसुरमा मुद्दा चलाउने हदम्याद हुने छैन।" |
| 72. | मा. श्री अर्जुन नरसिंह के.सी. | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनको संशोधित दफा 45 हटाउनु पर्ने। |
| 73. | मा. श्री नारायणी शर्मा | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनको संशोधित दफा 45 को उपदफा (1) मा "पाँच वर्ष भित्र भन्ने रहेकोमा समय नतोक्ने" |
| 74. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | 16 | विधेयकको दफा १६ अन्तर्गत मुल ऐनमा संशोधन गर्न प्रस्तावित दफा ४५ को सट्टा देहाय बमोजिमको दफा 45. को व्यवस्था गर्नु पर्नेः<br><br>**"४५. मुद्दा चलाउने अवधि:** (१) भ्रष्टाचारजन्य कसुरमा कुनै हदम्याद लाग्ने छैन ।<br>(२) सार्वजनिक पद धारण गरेको व्यक्तिले निज पदमा वहाल रहँदाको बखत भ्रष्टाचार गरेको रहेछ र त्यस्तो विषयमा यस ऐन |

| | | | |
|---|---|---|---|
| | | | बमोजिम कारवाही हुन सक्ने रहेनछ भने त्यस्तो व्यक्तिले आफ्नो पदबाट अवकास प्राप्त गरेपछि निजउपर कारवाही गर्न वा मुद्दा चलाउन यस ऐनमा लेखिएको कुनै कुराले वाधा पु¥याएको मानिने छैन"। |
| 75. | मा. श्री महेश कुमार बर्तौला | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45. को उपदफा (1) र (2) हटाउनु पर्ने। |
| 76. | मा. श्री विद्या भट्टराइ | 16 | विधेयकको दफा 16 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 45 मा देहायबमोजिमको व्यवस्था थप गर्नु पर्नेः<br>"अवकाश प्राप्त गरेपछि पनि निज उपर जुनसुकै समयमा मुद्दा चलाउन सकिनेछ" |
| 77. | मा. डा. श्री तोसिमा कार्की | 17 | विधेयकको दफा 17 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 47 को उपदफा (3) को खण्ड (क) मा "नगद" भन्ने शब्द पछि "सेयर, घरजग्गा" भन्ने शब्दहरु थप गर्नु पर्ने। |
| 78. | मा. श्री रघुजी पन्त | 18 | विधेयकको दफा 18 को उपदफा (2) अन्तर्गत मूल ऐनको दफा 50 को उपदफा (2) पछि थप गर्न प्रस्तावित उपदफा (2ख) मा "पेश गर्न नपर्ने गरी" भन्ने शब्दहरु हटाएर वाक्यांश मिलाउनु पर्ने। |
| 79. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 18 | विधेयकको दफा 18 मा संशोधनः<br>(क) उपदफा (1) र (2) को सट्टा देहायबमोजिमको उपदफा (1) र (2) को व्यवस्था गर्नु पर्नेः<br>"(1) उपदफा (१) मा रहेका "सार्वजनिक पद धारण गरेको व्यक्तिले" भन्ने शब्दहरुको सट्टा "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले" भन्ने शब्दहरु र "आफ्नो वा आफ्नो परिवारको" भन्ने शब्दहरुको सट्टा "आफ्नो नाममा र आफ्नो परिवारको" भन्ने शब्दहरु राख्नु पर्ने।<br><br>"(2) उपदफा (२) मा रहेका "सार्वजनिक पद धारण गरेको" भन्ने शब्दहरु हटाउनु पर्ने"<br>(ख) उपदफा (३) मा रेहका "उपदफा (२क) र (२ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (२क), (२ख) र (२ग)" भन्ने शब्दहरु राखि सो उपदफा अन्तर्गत मूल ऐनको दफा ५० मा थप गर्न प्रस्तावित उपदफा (२ख) पछि देहायको उपदफा (२ग) थप गर्नु पर्नेः<br>"(२ग) उपदफा (१) मा जुन्सुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले भ्रष्टाचार सम्बन्धी अनुसन्धानको सिलसिलामा अन्य राष्ट्रसेवकलाई म्याद तोकी निज र निजको परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण पेश गर्न आदेश दिन सक्नेछ।"<br>(ग) उपदफा (४) अन्तर्गत मूल ऐनको दफा ५० को उपदफा (३) को सट्टा प्रस्तावित उपदफा (३) मा रहेको "उपदफा (१), (२), (२क) वा (२ख)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१), (२), (२क), (२ख) वा (२ग)" भन्ने शब्दहरु राख्नु पर्ने र सोही उपदफामा रहेका "रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "रुपैयाँ" भन्ने शब्द राख्नु पर्ने। |
| 80. | माननीय श्री गगनकुमार थापा सहित दर्ता नं. 19 मा उल्लेखित माननीय सदस्यहरु | 18 | विधेयकको दफा 18 को उपदफा (4) अन्तर्गत मूल ऐनको दफा 50 को संशोधन गर्न प्रस्तावित उपदफा (3) मा "दश हजार रुपैयाँसम्म जरिबाना" भन्ने शब्दहरुको सट्टा "एक लाख रुपैयाँ जरिबाना" भन्ने शब्दहरु राख्नु पर्ने। |
| 81. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 19 | विधेयकको दफा 19 अन्तर्गत मूल ऐनमा संशोधन गर्न प्रस्तावित दफा 51. मा संशोधनः<br>(क) उपदफा (१) मा रहेका "छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिबाना वा दुवै" भन्ने शब्दहरुको सट्टा "अनुसन्धान अधिकारीको प्रतिवेदनको आधारमा मुद्दा हेर्ने अधिकारीले छ महिनासम्म कैद वा पच्चीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने।<br>(ख) उपदफा (२)को खण्ड (ग) मा रहेका "धम्की दिने" भन्ने शब्दहरुपछि "आवागमनमा बाधा अवरोध गर्ने" भन्ने शब्दहरु थप गर्नु पर्ने।<br>(ग) उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश हटाउनु पर्ने। |

| | | | |
|---|---|---|---|
| | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 21 | विधेयकको दफा २१ अनतर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ५६क को उपदफा (१) मा रहेका " रद्द गर्न वा त्यस सम्बन्धमा अन्य आवश्यक कानूनी कारबाही गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "रद्द गरिनेछ र त्यस सम्बन्धमा अन्य आवश्यक कानूनी कारबाही समेत गरिनेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 83. | मा. श्री सोबिता गौतम | - | मूल ऐनको दफा 59 पछि देहायबमोजिमको दफा 59क. र 59ख. को व्यवस्था गर्नु पर्नेः<br>• "59क. <u>प्रमाणको भार</u>ः प्रचलति कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिलाई यस ऐन अन्तर्गतको कसूर गरेको अभियोग लागेकोमा सो कसूर आफूले गरेको छैन भन्ने कुराको प्रमाण निजले नै पुर्याउनु पर्नेछ।"<br>"59ख <u>अनुसन्धान सम्बन्धी विशेष व्यवस्थाः</u> भ्रष्टचारजन्य तथा अनुचित कार्यको कसूरको सम्बन्धमा कुनै राष्ट्रसेवकले कुनै काम गर्न वा नगर्ने भनि घुस वा रिसवत माग गरेको भन्ने उजुरी परेको तथा सो उजुरी तथा उजुरी साथ पेश भएका प्रमाण उपर आवश्यक अध्ययन तथा अनुसन्धान गर्दा सो उजुरी विश्वासिलो लागेको अवस्थामा यस ऐन बमोजिम कसुर हुने कार्यको अनुसन्धान गर्ने निकायले कसूरको थप अनुसन्धानको निम्ति घुस वा रिसवत माग गर्ने राष्ट्रसेवकलाई आवश्यक रकम (स्टिङ अपरेसन) उपलब्ध गर्न सक्नेछ।" |
| 84. | मा. श्री प्रेम सुवाल | 22 | विधेयकको दफा 22 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 60क. मा "सकिनेछ" भन्ने शब्दहरु पछि "अब उप्रान्त नेपालीले विदेशमा सम्पत्ति राख्न पाउने छैन।" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 85. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 22 | विधेयकको दफा २२ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा ६०क. मा रहेका "नेपाल सरकार मार्फत आवश्यक व्यवस्था गर्न सकिनेछ" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले आवश्यक व्यवस्था गर्नेछ" भन्ने शब्दहरु राख्नु पर्ने । |
| 86. | मा. श्री प्रेम बहादुर महर्जन | 23 | विधेयकको दफा 23 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 62घ. को उपदफा (2) पछि देहायबमोजिमको उपदफा (3) र (4) थप गर्नु पर्नेः<br>"(3) कुनै राष्ट्र सेवकले रिसवत माग गरेमा अनुसन्धान अधिकारीको अनुमति लिई उजुरवालाले त्यस्तो राष्ट्र सेवकलाई दशी प्रमाणस्वरुप रकम दिन सक्नेछ "<br>"(4) उपदफा (३) बमोजिम दशी प्रमाणको रुपमा दिएको रकम उजुरवालाले सोधभर्ना पाउनेछ " |
| 87. | मा. डा. श्री तोसिमा कार्की | 23 | विधेयकको दफा 23 अन्तर्गत मूल ऐनमा थप गर्न प्रस्तावित दफा 62घ. झिक्नु पर्ने । |
| 88. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 23 | विधेयकको दफा २३ अन्तर्गत मूल ऐनमा थप्न प्रस्तावित दफा (६२घ) को दफा शिर्षकको सट्टा देहाएको दफा शिर्षक को व्यवस्था गर्नु पर्नेः<br>"<u>अनुसन्धान सम्बन्धी विशेष व्यवस्था</u>" र सोही दफाको उपदफा (२) मा "त्यस्तो राष्ट्रसेवकलाई अनुसन्धानको क्रममा" भन्ने शब्दहरु पछि "अदालतबाट स्वीकृति प्राप्त गरि" भन्ने शब्दहरु थप गर्नु पर्ने । |
| 89. | मा. श्री सुमना श्रेष्ठ सहित दर्ता नं. 14 मा उल्लेखित माननीय सदस्यहरु | 25 | मूल ऐनको दफा २४ को सट्टा देहाए बमोजिमको दफा २४ राखिने<br>"२४ <u>थप सजायः</u> राष्ट्रपतिबाट नियुक्त हुने पदाधिकारी, निर्वाचित पधादिकारी, सदनबाट अनुमोदित पधादिकारी र संवैधानिक अङ्ग वा निकायका पधादिकारीले यस परिच्छेद अन्तर्गतका कसूर गरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायको दुई गुना सजाय हुनेछ र नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमखु महाप्रबन्धक वा सो सरहका पधादिकारी यस परिच्छेद अन्तर्गतका कसूर गरेमा निजलाई त्यस्तो कसूरमा हुने सजायको थप तीन बर्षसम्म कैद सजाय हुनेछ।" |
| 90. | मा. श्री माधव सापकोटा | - | मूल विधेयकमा नयाँ दफा थप गरी देहायअनुसार व्यवस्था गर्नु पर्नेः<br>"<u>सामाजिक जागरणः</u> भ्रष्टाचार बिरुद्ध नागरिक शसक्तिकरण र सामाजिक जागरण मार्फत नियमनको व्यवस्था गर्ने।" |

- माननीय श्री रोशन कार्की सहित दर्ता नं. 4 मा उल्लेखित माननीय सदस्यहरुले “सबै किसिमका हदम्याद हटाउनु पर्ने वा राख्न नहुने” कुरा उल्लेख गर्नुभएको ।
- माननीय श्री प्रदिप पौडेलले “भ्रष्टाचारको शुरुवात नै नीतिबाट हुने भएकोले नीतिगत भ्रष्टाचारलाई समेत भ्रष्टाचार मान्ने। सोको बारेमा विधेयकले बोल्न नसकेको” भन्ने कुरा उल्लेख गर्नुभएको ।
- मा. श्री संजय कुमार गौतम सहित दर्ता नं. 11 मा उल्लेखित माननीय सदस्यहरुले “विधेयकमा भएको रिसवत शब्दको परिभाषा गर्ने” भन्ने कुरा उल्लेख गर्नुभएको ।
- मा. श्री अर्जुन नरसिंह के.सी. ले देहायबमोजिको व्यवस्था गर्न उल्लेख गर्नु भएकोः
    - “मूल ऐनको दफा 37 को राष्ट्रिय सतर्कता केन्द्रको ठाउँमा राष्ट्रिय सतर्कता आयोग गठन गर्ने र तदनुरुप व्यवस्था गर्नु पर्ने,
    - मूल ऐनको दफा 37 को उपदफा (2) को निजामति सेवाको बिशिष्ठ श्रेणिको सट्टा कानूनि ब्यवस्था सहित आयुक्त रहने,
    - संयुक्त राष्ट्र संघीय भ्रष्टाचार सम्बन्धि महासन्धि 2003 को नेपाल हस्ताक्षर कर्ता पक्ष भएकोले पनि भ्रष्टाचार सम्बन्धि कारबाहीमा कुनै हदम्याद हुनुहुदैन।”
- माननीय श्री गगनकुमार थापाले देहायबमोजिमको सुझाव प्रस्तुत गर्नुभएकोः
    - “(२) Anti Bribery Guideline जारी गर्ने आधार विधेयकमा समावेश गर्ने ।
    - राष्ट्रिय सतर्कता केन्द्रको गठन, काम, कर्तव्य र अधिकारलाई थप सशक्त र प्रभावकारी वनाउन आवश्यक संरचनागत परिमार्जन सहित कानूनी व्यवस्था गर्ने।
    - प्रचलित गोपनियताको हक सम्बन्धि कानून बमोजिम व्यक्तिगत गोपनियताको विषय बाहेक अन्य विषयहरूमा भ्रष्टाचार सम्बन्धि मुद्दाका सूचनाहरू पारदर्शी हुनुपर्ने र नागरिकको सूचनाको हक अनुसार सहज उपलब्ध हुनुपर्ने।
    - **अनुसन्धानका लागि विशेष अनुसन्धान सेवाको गठन सम्बन्धमा:** अनुसन्धानलाई निष्पक्ष बनाउने र दक्षता वृद्धि गर्न प्रचलित निजामती वा अन्य सेवाका कर्मचारी परिचालन गर्नु भन्दा संघीय संसद अन्तर्गत एक विशेष अनुसन्धान सेवाको व्यवस्था गर्ने ।
    - **“अनुचित कार्य” सम्बन्धमा:** अनुचित कार्य अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्राधिकारबाट झिकिएको र अहिलेसम्म यस कार्य लागि कुनै निकाय वा संयन्त्रको क्षेत्राधिकारभित्र पर्ने गरी कुनै कानूनी व्यवस्था र संरचना नभएको अवस्थामा यसबाट सिर्जित कानूनी रिक्ततालाई मध्येनजर गरी अनुचित कार्यका विषयलाई संवोधन गर्ने गरी छुट्टै कानूनी प्रवन्ध गर्ने वा यस ऐनमा राष्ट्रिय सतर्कता केन्द्रको संरचना र काम कर्तव्य अधिकारलाई परिमार्जन गरी आवश्यक अधिकारसहित सो जिम्मेवारी दिने व्यवस्था गर्ने ।”

**क्र.स. १ देखि 90 सम्मका संशोधनहरू छलफलका लागि स्वीकृत ।**

........................
**(देवराज घिमिरे)**
**सभामुख**